जि.प्रशा.का.दर्ता नं. १७१/०८०/८१

"निष्पक्ष जनपक्षीय सवालको निर्भीक आवाज"

# संवाहक
राष्ट्रिय दैनिक Samvahak National Daily

**सूचना**

संवाहक राष्ट्रिय दैनिकको लागि स्तरीय लेख, रचना, फिचर, प्रेस विज्ञप्ति, आदि प्रेषित गर्न चाहनु हुन्छ भने कृपया विज्ञापनको लागि फोन नं.: ९८०६८१४३०२ मा प्रेषित गर्नुहोला।

वर्ष : ४ ❋ अंक : ६ ❋ २०८३ साल बैशाख ०८ गते, मंगलबार ❋ Tuesday, Arp.– 21 2026 ❋ मूल्य रु. ५/- पृष्ठ : ४

## सीमाक्षेत्रमा संगठित तस्करी सञ्जाल सक्रिय, गोदाम सूचना हुँदाहुँदै कारबाही नभएको आरोप

***संवाहक सम्वादाता**-७ बैशाख, कलैया*







सिम्रौनगढ लगायत बाराका सीमावर्ती नाकाहरूमा कपडा, चकलेट र काजुजस्ता उपभोग्य वस्तुको संगठित तस्करी सञ्जाल सक्रिय भएको पाइएको छ। स्थानीय स्रोतका अनुसार सिम्रौनगढ, पिपरपाती, बेनौली, सिम्रौनगढ , वसवरीया, मटिअर्वा नाकालाई मुख्य मार्ग बनाएर यो सञ्जाल पहाडी क्षेत्र हुँदै काठमाडौंसम्म फैलिएको छ।

भारतको विहारतर्फबाट सस्तो मूल्यका सामान राति तथा झिसमिसे बिहान मोटरसाइकल र पिकअप भ्यानमार्फत नेपाल भित्र्याइने गरिएको बताइएको छ। ती सामानहरू सिम्रौनगढ आसपासका गोदाममा भण्डारण गरी मागअनुसार साना परिमाणमा विभाजन गरेर विभिन्न जिल्लातर्फ पठाइने गरिएको स्रोतको दाबी छ। स्थानीयका अनुसार यो वितरण प्रणाली 'बुकिङ सिस्टम' शैलीमा सञ्चालन हुँदै आएको छ, जसमा सीमाक्षेत्रबाट सुरु भएको आपूर्ति सञ्जाल रौतहट, मकवानपुर हुँदै काठमाडौंसम्म विस्तार भएको बताइन्छ। साँझ ६/७ बजे तिर भारतिय मोटरसाईकलबाट ट्रक झै लोड गरि ल्याईने दर्जनौ मोटरसाईकलबाट एक पटकमा १० औं लाखको बराबार मालसमान गोदमा पुर्यउने गरेको श्रोतको दाबी छ। राति १० बजेदेखि बिहान ४ बजेसम्मको समयलाई मुख्य रूपमा प्रयोग गरी ओसारपसार हुने गरेको आरोप छ।

यसैबीच, तस्करीमा केही स्थानीय समूह सक्रिय रहेको र नाका व्यवस्थापन, गोदाम सञ्चालन तथा ढुवानी समन्वयमा संलग्न रहेको दाबी गरिएको छ। भारतीय पक्षसँग समेत समन्वयमा कारोबार सञ्चालन हुने र नाकामा 'लाइन मिलाउने' अभ्यास हुने गरेको आरोप स्थानीयले लगाएका छन्। भारततर्फका अर्बिन्द साहको मुख्य लगानी र योजनामा दर्जनौ तस्कर सक्रिय रा लागेकाछन्। यता स्थानिय सियाराम , राजेश स(कालो स्कर्पिओमा, सिम्रौनगढमा भोला लागायत दर्जन भन्दा बढी तस्कर सक्रिय रहेका बताईएको छ।

स्थानीय वासीका अनुसार पचरौता नगरपालका स्थित कुडवामा रहेको गोदाममा अवैध सामान भण्डारण भइरहेको स्पष्ट सूचना पाए पनि सम्बन्धित सुरक्षा निकायले तत्काल कारबाही नगरेको विषयले गम्भीर प्रश्न उठाएको छ। सूचना पुगेको भए पनि छापा, बरामद वा नियन्त्रणको प्रक्रिया अघि नबढ्नुले मिलेमतो वा लापरबाहीको आशंका बढाएको उनीहरूको भनाइ छ।

त्यस्तै, सामान्य यात्रु तथा वैध सामानमा कडाइ हुने तर संगठित तस्करी सञ्जाल सहजै सञ्चालन हुने गरेको आरोपसमेत स्थानीयले लगाएका छन्। सूचना चुहावट भएर तस्कर समूह पहिल्यै सचेत हुने गरेको दाबी पनि गरिएको छ।

स्थानीयले छड्के चेकजाँच, गोदाममा कडाइ, नियमित निगरानी र तस्करी सञ्जालमा संलग्न व्यक्तिमाथि कडा कानुनी कारबाही गर्न माग गरेका छन्। उनीहरूका अनुसार लामो समयदेखि जारी यस्तो गतिविधिले सीमाक्षेत्रको सुरक्षा संयन्त्र, राजस्व प्रणाली र राज्यको प्रभावकारितामाथि गम्भीर प्रश्न उठाएको छ।

## प्रधानमन्त्री बालेन शाह द्वारा विश्वविद्यालय सुधारबारे उपकुलपतिहरूसँग छलफल

***काठमाडौं, ७ वैशाख** –*



प्रधानमन्त्री बालेन शाह ले देशका विभिन्न विश्वविद्यालय तथा प्रतिष्ठानका उपकुलपतिहरूसँग शैक्षिक सुधार, प्रशासनिक समस्या र विश्वविद्यालय व्यवस्थापनका विषयमा विस्तृत छलफल गरेका छन्। सोमबार सिंहदरबार स्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित उक्त बैठकमा विश्वविद्यालय क्षेत्रका विद्यमान समस्या, सुधारका सम्भावित उपाय तथा सरकारको आगामी कार्ययोजनाबारे गहन समीक्षा गरिएको हो।

बैठकमा विश्वविद्यालयहरूमा देखिएका प्रशासनिक जटिलता, शैक्षिक गुणस्तर अभिवृद्धि, विद्यार्थी व्यवस्थापन, नीति सुधार र संस्थागत सुशासनका विषयलाई प्राथमिकताका साथ उठाइएको थियो। प्रधानमन्त्री बालेन शाह ले विश्वविद्यालयहरूलाई देशको शैक्षिक मेरुदण्डका रूपमा व्याख्या गर्दै शैक्षिक संस्थाहरूलाई राजनीतिक हस्तक्षेपबाट मुक्त राखी परिणाममुखी र जिम्मेवार बनाउनु आवश्यक रहेको धारणा राखेका थिए। छलफलमा सरकारले अघि सारेको 'शासकीय सुधारका १०० कार्यसूची' अन्तर्गत विश्वविद्यालय सुधारसम्बन्धी कार्यक्रम पनि मुख्य एजेण्डाका रूपमा प्रस्तुत गरिएको थियो। यस अन्तर्गत विश्वविद्यालय परिसरभित्र क्रियाशील विद्यार्थी संगठन हटाउने तथा हालको स्ववियु (स्वतन्त्र विद्यार्थी युनियन) को सट्टा स्टुडेन्ट काउन्सिल वा भ्वाइस अफ स्टुडेन्ट जस्ता वैकल्पिक विद्यार्थी प्रतिनिधित्व प्रणाली लागू गर्ने विषयमा छलफल भएको बताइएको छ।

सरकारको धारणा अनुसार विश्वविद्यालय परिसरलाई राजनीतिक गतिविधिको केन्द्रभन्दा

बाँकी तेस्रो पृष्ठमा

## सडक विस्तारको अव्यवस्थित कामले वीरगञ्ज मेनरोडका बासिन्दा संकटमा

***वीरगञ्ज, ७ वैशाख** –*



सडक विस्तारको नाममा बिना पूर्वतयारी गरिएको संरचना हटाउने अभियानले वीरगञ्ज मेनरोड क्षेत्रका स्थानीयको जनजीवन कष्टकर बनेको छ। आधारभूत सेवा व्यवस्थापन नगरी गरिएको कामका कारण दैनिक जीवन नै प्रभावित भएको गुनासो व्यापक रूपमा उठेको छ।

सडक फराकिलो बनाउने क्रममा विद्युत् लाइन र खानेपानी पाइप काटिँदा नेपाल विद्युत प्राधिकरणको आपूर्ति अवरुद्ध भएको छ। परिणामस्वरूप केही स्थानमा लगातार तीन दिनसम्म बिजुली बन्द हुँदा गर्मीको समयमा सर्वसाधारणले ठूलो सास्ती खेप्नुपरेको छ। पंखा र कुलर नचल्दा विशेषगरी बालबालिका, वृद्धवृद्धा र बिरामीहरू बढी प्रभावित भएका छन्। बिजुली अभावले साँझपख मुख्य बजार क्षेत्र अन्धकारमय बन्न थालेको छ, जसले स्थानीयमा असुरक्षाको भावना समेत बढाएको छ। व्यापारीहरूका अनुसार व्यापार व्यवसायमा समेत गिरावट आएको छ।

यता, खानेपानी समस्या पनि उत्तिकै गम्भीर बनेको छ। पाइपलाइन क्षतिग्रस्त हुँदा नियमित पानी आपूर्ति बन्द भएको छ भने बिजुली नहुँदा मोटर र बोरिङ सञ्चालन गर्न नसक्दा पानीको अभाव झन् चर्किएको छ। सरसफाइ र दैनिक

बाँकी तेस्रो पृष्ठमा

## अमलेखगञ्जको ३ नम्बर पुल क्षेत्रमा डोजर अभियान सुरु हुने, व्यवसायी र स्थानीयमा त्रास

***संवाहक सम्वादाता**-७ बैशाख, कलैया*




अमलेखगञ्ज स्थित ३ नम्बर पुल र चुरियामाई मन्दिर आसपासका संरचनामा वैशाख ११ गतेदेखि डोजर चलाइने भएको छ। सडक डिभिजन कार्यालय हेटौँडा ले सार्वजनिक सूचना जारी गर्दै तोकिएको समयभित्र सडक सीमाभित्रका सबै संरचना आफैं हटाउन निर्देशन दिएको छ।

कार्यालयका अनुसार महेन्द्र राजमार्ग अन्तर्गत पर्ने पथलैया-चुरियामाई खण्डमा सडकको केन्द्रबाट दायाँ-बायाँ २५/२५ मिटरभित्र पर्ने घर, टहरा, होटल र पसलहरू हटाउन अन्तिम चेतावनी दिइएको हो। वैशाख १० गतेभित्र अटेर गरिएमा ११ गतेदेखि डोजर प्रयोग गरी बलपूर्वक हटाइने जनाइएको छ।

उक्त क्षेत्र नेपालभर नै स्वादिष्ट खाना र नास्ताका लागि परिचित स्थान हो। दैनिक हजारौं यात्रुहरूका लागि यो ३ नम्बर पुल क्षेत्र मुख्य विश्राम स्थलका रूपमा चिनिन्छ। वर्षौंदेखि सञ्चालनमा रहेका होटल तथा साना व्यवसायहरू अब जोखिममा परेका छन्।

स्थानीय व्यवसायीहरूका अनुसार अचानक आएको सूचनाले सरसामान व्यवस्थापन गर्नसमेत समय नपुग्ने अवस्था सिर्जना भएको छ। वीरगञ्जमा हालै गरिएको डोजर अभियानजस्तै यहाँ पनि पूर्वतयारी र वैकल्पिक व्यवस्थाविनै संरचना हटाउन लागिएको भन्दै असन्तुष्टि बढ्दै गएको छ। विभागले भने सडक अतिक्रमण हटाउने अभियान लामो समयदेखि जारी रहेको र यसअघि पनि पटक-पटक सूचना दिइएको दाबी गरेको छ। साथै, सार्वजनिक सडक ऐन २०३१ अनुसार कारबाही हुने चेतावनी समेत दिइएको छ।

यस अभियानले ३ नम्बर पुल क्षेत्रको पहिचान, स्थानीय अर्थतन्त्र तथा दैनिक जनजीवनमा ठूलो प्रभाव पार्ने देखिन्छ। बारा र पर्सा क्षेत्रमा अहिले यही विषय प्रमुख बहसको केन्द्र बनेको छ।

## सिम्रौनगढमा छाडा कुकुरको आक्रमण: ८ खसीबाख्रा मरेपछि किसानमा त्रास

***संवाहक सम्वादाता**-७ बैशाख, कलैया*



सिम्रौनगढ नगरपालिका-६, सानो इटवाल क्षेत्रमा छाडा कुकुरको समूहले किसानको गोठमै आक्रमण गर्दा ८ वटा खसीबाखा मरेका छन्। यस घटनापछि स्थानीय बासिन्दामा त्रास फैलिएको छ।

आइतबार राति गोठको ढोका तोडेर भित्र पसेका कुकुरहरूले किसान नाजिर हुसैन "भोटू" अंसारीका पशुचौपायामा आक्रमण गरेका थिए। पीडितका अनुसार २ वटा खसी, २ वटा बाखा र ४ वटा पाठापाठी गरी जम्मा ८ वटा पशु मरेका हुन्, जसबाट करिब एक लाख रुपैयाँ बराबरको क्षति भएको छ। बिहान गोठमा मृत पशु देखेपछि स्थानीयवासी स्तब्ध भएका थिए। यसअघि पनि सो क्षेत्रका विभिन्न ठाउँमा छाडा कुकुरको आक्रमणबाट पशुधन क्षति हुने घटना दोहोरिँदै आएको स्थानीयले बताएका छन्। स्थानीयका अनुसार टोलटोलमा समूह बनाएर घुम्ने छाडा कुकुरका

बाँकी तेस्रो पृष्ठमा

"सत्य वस्तुत अन्त सम्म नै सत्य नै रहन्छ ।"
- सेक्सपियर

प्रकाशक/सम्पादक
पन्नालाल दास
सम्पर्क नं.:- ९८४५२१७०१९
९८०६८१४३०२

सह-सम्पादक
मुन्ना कुमार

समाचार सम्पादक
सरोज दास

कानुनी सल्लाहकार
परमहंस केशरी/
श्याम बिहारी कुशवाहा

कम्प्युटर सेटिङ्ग
म. फरिद

Email: samvahakdaily1@gmail.com
Website: samvahakdaily.com

प्रधान कार्यालयः
कलैया उपमहानगरपालिका
शाखा कार्यालयः कलैया-१, बारा

मुद्रकः शुभ लक्ष्मी अफसेट प्रेस, वीरगंज

## सम्पादकीय .......

# लाइन मिलाएर चल्ने तस्करी– बाराको सीमा किन असुरक्षित?

बाराको सीमाक्षेत्रमा कपडा, चकलेट र काजुजस्ता वस्तुको तस्करी फस्टाउँदै जानु कुनै आकस्मिक घटना होइन, यो वर्षौंदेखि मौलाउँदै आएको संरचनागत समस्याको परिणाम हो। सिम्रौनगढदेखि सुरु भएर ग्रामीण भेग हुँदै काठमाडौंसम्म पुग्ने यो सञ्जालले राज्यका संयन्त्रहरूलाई नै चुनौती दिएको छ। जब अवैध कारोबार खुलेआम र निरन्तर चलिरहन्छ, त्यहाँ कमजोरी मात्र होइन, कतै न कतै मिलेमतोको आशंका पनि स्वतः जन्मिन्छ।

तस्करीको तरिका हेर्दा यो अत्यन्त व्यवस्थित देखिन्छ– सीमापारबाट सस्तो सामान ल्याउने, गोदाममा थुपार्ने, साना भागमा विभाजन गर्ने र 'बुकिङ' प्रणालीमार्फत देशभर पठाउने। यसले स्पष्ट संकेत गर्छ कि यो सञ्जाल केवल सीमित व्यक्तिको भरमा नभई योजनाबद्ध ढंगले सञ्चालन भइरहेको छ। अझ, रातिको समय, वैकल्पिक बाटो र साना सवारी प्रयोग गर्नुले सुरक्षा संयन्त्रलाई छल्ने नियोजित रणनीति देखाउँछ।

तर सबैभन्दा गम्भीर प्रश्न सुरक्षा निकायको भूमिकामाथि उठ्छ। स्थानीयको आरोप अनुसार सूचना हुँदाहुँदै पनि प्रभावकारी कारबाही नहुनु, बरु सूचना चुहावट भएर तस्कर नै सचेत हुने अवस्था सिर्जना हुनु, सामान्य त्रुटि मात्र होइन। यदि यस्तो अभ्यास जारी छ भने, यसले कानुन कार्यान्वयन प्रणालीमाथि नै गम्भीर अविश्वास पैदा गर्छ। अर्कोतर्फ, सर्वसाधारणले सामान्य सामान ल्याउँदा कडाइ भोग्नुपर्छ, तर ठूलो परिमाणमा हुने तस्करी सजिलै चलिरहनु विडम्बनापूर्ण छ। कानुन सबैका लागि बराबर हुनुपर्ने हो, तर व्यवहारमा त्यो देखिँदैन। यही असमानता नै नागरिक आक्रोशको मुख्य कारण बन्दै गएको छ। अब आवश्यक छ–कडा र देखिने परिणाम दिने कदम। सीमाक्षेत्रमा नियमित छड्के जाँच, गोदामहरूको निगरानी, र चेकपोस्टमा पारदर्शिता अनिवार्य छ। साथै, तस्करी सञ्जालमा संलग्न जो-कोहीलाई पनि राजनीतिक वा प्रशासनिक संरक्षण बिना कारबाहीको दायरामा ल्याउनुपर्छ। बाराको सीमा केवल भौगोलिक रेखा होइन, यो राज्यको सार्वभौमिकता र विश्वसनीयताको प्रतीक हो। यदि यही ठाउँ कमजोर रहिरह्यो भने, त्यसको असर देशभर फैलिनेछ। त्यसैले अब समय आएको छ–कडाइको घोषणा होइन, कार्यान्वयनमार्फत परिणाम देखाउने।

# मन्दीको जोखिममा विश्व अर्थतन्त्र




**विप्रेषणमा आधारित मुलुक नेपालका निम्ति पश्चिम एसियाको युद्ध महँगो बन्दै गएको छ । खाडीमा १७ लाखभन्दा बढी नेपाली काम गरिरहेका छन् । युद्ध प्रभाव अन्यत्र पनि फैलिँदो छ । मन्दी वा महामन्दीबाट सबैभन्दा पहिले वैदेशिक रोजगारीमा रहेका झन्डै ६० लाख नेपालीले भोग्नुपर्ने छ । त्यो पीडा विप्रेषणका रूपमा धेरै नेपालीको घरपरिवारमा पर्न सक्ने छ । कुल गार्हस्थ उत्पादनको एक चौथाइभन्दा बढी हिस्सा विप्रेषणले लिइरहेको हुँदा अर्थतन्त्र नै प्रभावित हुन सक्ने छ ।**



जुनारबाबु बस्नेत

छिमेकी भारत विश्वको पाँचौं ठुलो अर्थतन्त्र भइसकेको थियो तर अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमइएफ) ले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्क अनुसार भारतलाई बेलायतले उछिनेको छ । बेलायत पाँचौं ठुलो अर्थतन्त्रमा आएको छ । अमेरिका, चीन, जर्मनी र जापान क्रमशः पहिलोदेखि चौथोसम्म ठुला अर्थतन्त्रका रूपमा कायमै छन् । भारत एक स्थान पछि धकेलिनुमा के कस्ता कारण छन् ? यो अवस्थाका निम्ति भारतीय मुद्राको अवमूल्यन मूल कारण देखिएको छ । केही महिनामै भारतीय मुद्रा अमेरिकी डलरको तुलनामा १० प्रतिशतभन्दा बढीले अव मूल्यन भइसकेको छ । यसमा इन्धनको निरन्तर बढ्दो भाउलाई पनि लिइएको छ । भारतले कच्चा तेल आयात गरी प्रशोधन गर्छ । आन्तरिक खपतसँगै नेपाल र भुटानलाई पनि आपूर्ति गर्छ । आवश्यक कच्चा तेलको ८० देखि ९० प्रतिशत आयातमै निर्भर भएका कारण भारतीय तेल प्रशोधन उद्योगले एक/डेढ वर्षयतादेखि ठुलो चुनौती भोग्दै छ । त्यसैको कारण अर्थतन्त्रमा लगानी बढ्न सकेको छैन तर लागत बढेको छ । त्यसले उत्पादनमा परेको प्रतिकूल प्रभावकै कारण भारतीय अर्थतन्त्र पछाडि पर्न थालेको अर्थशास्त्रीको तर्क छ । भारतीय अर्थतन्त्र पछाडि फर्किएको दुष्प्रभाव नेपाली अर्थतन्त्रमा पनि प्रतिकूल असर परिरहेको छ । भारतीय मुद्रासँगै स्थायी विनिमय दर भएको नेपालका निम्ति समेत डलर धेरै महँगो भएको छ । यसले बाह्य ऋणको साँवा र ब्याज तिर्न नेपाललाई बढी भार पर्दै छ । सरकारको सार्वजनिक वित्तमा बढी भार पर्न नै थालिसकेको छ साथै बाह्य व्यापारमा ९० प्रतिशत आयातमा निर्भर नेपालका निम्ति विदेशी वस्तु तथा सेवा महँगो हुँदै गएको छ । पश्चिम एसियाको युद्धले इन्धनको भाउ निरन्तर बढ्दो क्रममै छ । इन्धनको भाउ अचाक्ली बढ्दै जाँदा पनि नेपाल आयल निगम घाटामै रहेको छ । आपूर्ति शृङ्खलामा प्रतिकूल असर परेको छ । हरेक मानिसको गोजीमा क्रयशक्तिको असर देखिन थालेको छ । आम्दानी बढेको छैन तर खर्च भने निरन्तर बढेको छ । सवारी भाडा महँगो हुँदै छ । १०/१५ रुपियाँमा पाइने एक कोसा केराको मूल्य झन्डै दोब्बर हुन थालेको छ । महँगी नेपाल र भारतमा मात्र होइन, विश्वमै बढेको छ तर आय बढ्न सकेको छैन । लगानी, आय, उत्पादन र रोजगारीमा विश्वभर प्रतिकूल असर पर्दै छ । यसले विश्व अर्थतन्त्र नै आर्थिक मन्दीको चपेटामा पर्न सक्ने जोखिम बढ्दै छ । आइएमएफले पनि त्यसतर्फ स्पष्ट सङ्केत गरेको छ ।

विश्व बैङ्क तथा आइएमएफले सन् २०२६ मा विश्व अर्थतन्त्र सुधार हुने अपेक्षा गरेको थियो । आइएमएफले यो वर्ष अर्थात् सन् २०२६ मा ३.१ प्रतिशतको आर्थिक वृद्धि हुने प्रक्षेपण गरेको थियो । छ महिनाअघि आफैंले गरेको प्रक्षेपणमा आइएमएफ संशोधन गरेको छ । पश्चिम एसियामा भएको युद्ध प्रभावले संसारकै अर्थतन्त्रमा प्रतिकूल प्रभाव पर्न सक्ने भन्दै आइएमएफले यो वर्ष विश्व अर्थतन्त्रको आर्थिक वृद्धिदर दुई प्रतिशतमा खुम्चन सक्ने आकलन गरेको छ । सन् २०२४ मा विश्व अर्थतन्त्र ३.३ प्रतिशतले बढेको थियो । गएको वर्ष २०२५ मा विश्व अर्थतन्त्र ३.२ मा सीमित भयो । निरन्तर घट्दै गए पनि यो वर्ष ३.१ प्रतिशत त कायम हुन्छ भन्ने आकलनमा ठुलो अन्तर आउने भएको छ । पछिल्लो युद्ध, इन्धनको भाउमा वृद्धि, आपूर्ति शृङ्खलामा आएको अवरोधले विश्व अर्थतन्त्रको वृद्धि यो आर्थिक वर्षमा दुई प्रतिशतमै सीमित रहन सक्ने अवस्थाले विश्व ठुलो आर्थिक मन्दीतिर अग्रसर भइरहेको दिशा निर्देश गर्छ । आर्थिक मन्दीले साना ठुला सबै अर्थतन्त्रलाई प्रतिकूल प्रभाव पार्छ । विप्रेषणमा आधारित नेपाली अर्थतन्त्रमा त झनै यसको ठुलो असर हुन सक्ने देखिएको छ । तीन वर्षको मात्र तथ्याङ्क आकलनले विश्व अर्थतन्त्र आर्थिक मन्दीमै पुगेको निष्कर्ष निकाल्न नसकिए पनि अर्थतन्त्र शिथिल हुँदै गएको भने मान्न सकिन्छ । अर्थतन्त्र शिथिल हुँदै जाँदा नै आर्थिक मन्दीको अवस्था आउन सक्ने हो । आइएमएफले विश्व अर्थतन्त्र शिथिलतातिर गइरहेको अवस्थाका निम्ति केही तथ्य र कारण पनि बाहिर ल्याएको छ । अमेरिका र इजरायलले पाँच साताअघि इरानमा आक्रमण गरेपछि युद्ध आरम्भ भयो । विगत तीन/चार दशकमा उच्च आर्थिक वृद्धि भएको खाडी देशहरूमा यसको चरम प्रभाव परेको छ । विश्वमा कच्चा तेल आपूर्तिको झन्डै २५ प्रतिशत हिस्सा ओगट्न खाडी मुलुकमा भइरहेको अशान्ति र युद्धले विश्वकै इन्धन बजारमा तीव्रतर दुष्प्रभाव परेको छ । इरान नियन्त्रित हर्मुज जलमार्गमा आइरहेको अवरोधले समग्र आपूर्ति प्रणालीमै प्रतिकूल असर परिरहेको छ । विश्व अर्थतन्त्रलाई शिथिल बनाउने थप कारण यही नै हुन सक्ने छ । विश्वमा कच्चा तेलको मूल्य केही महिनामा झन्डै २० प्रतिशतले बढेर प्रतिब्यारेल ११० अमेरिकी डलरसम्म पुगेको छ । यो वर्ष युद्धको समाधान भई आपूर्ति शृङ्खलामा सुधार हुन सकेन भने कच्चा तेलको भाउ प्रतिब्यारेल १२५ अमेरिकी डलरसम्म पुग्न सक्ने प्रक्षेपण गरिएको छ । इन्धनको वृद्धिले मुद्रास्फीति बढिरहेको छ । विश्व आर्थिक मन्दी आउन सक्ने अर्को कारणमा मुद्रास्फीति पनि हो । एकै वर्षमा विश्व मौद्रिक अवस्थामा छ प्रतिशतसम्मको मुद्रास्फीति हुन सक्ने देखिएको छ । यसले हरेक उपभोक्ताको क्रयशक्तिमा दुष्प्रभाव पर्ने छ । मुद्रास्फीति रोक्न संसारकै केन्द्रीय बैङ्कले ब्याजदर उच्च बनाउनुपर्ने हुन्छ । उच्च ब्याजदर लगानीका निम्ति लागत बढ्ने हुनाले अर्थतन्त्रमा लगानी साँघुरिने जोखिम छ । अधिकांश विकासशील मुलुक आयातित जैविक इन्धनमा निर्भर छन् । भारत र चीन जस्ता ठुला अर्थतन्त्र पनि जैविक इन्धनमै बढी निर्भर छन् । हरित ऊर्जातिर अगाडि बढे पनि चीन अझै पनि कुल ऊर्जा खपतको ३४ प्रतिशत जैविक इन्धनमै निर्भर छ । चीन र भारत विश्वमै सबैभन्दा बढी जैविक इन्धन प्रयोग गर्ने ठुला अर्थतन्त्र हुन् । अमेरिकाको ठुलो हिस्सा पनि जैविक इन्धनमा निर्भर छ । अमेरिकी अर्थतन्त्रमा समेत यताका महिनामा इन्धनको भाउ बढेर महँगी बढेको छ । उपभोक्ता ठुलो मारमा छन् । धनीदेखि विपन्न र विकासशील मुलुक अहिले आर्थिक शिथिलताको मारमा परेका छन् । सबैतिर जनजीवन कष्टकर हुँदै छ । सन् २०२६ मा विश्वमै ऊर्जा उत्पादनमा झन्डै चार प्रतिशतले कमी आउने देखिएको छ । यसले इन्धनको भाउ अझ अकासिन सक्ने देखिएको छ । आर्थिक मन्दी शब्दले शताब्दीअघिको महामन्दीको इतिहासलाई सम्झाउँछ । विश्वकै महामन्दी सन् १९३० को दशकले संसारलाई प्रभावित तुल्याएको थियो । सन् १९२९ मै आरम्भ भएको महामन्दीमा विश्वको कुल गार्हस्थ उत्पादन १५ प्रतिशतसम्मले घटेको थियो र १० वर्षसम्म कायम रहेको थियो । अन्तर्राष्ट्रिय व्यापारमा ५० प्रतिशतसम्मले कमी आउँदा औद्योगिक उत्पादन व्यापक कटौती भएको थियो । अमेरिकामा सुरु भएको मन्दी विस्तार हुँदै महामन्दीतिर गयो । सबैजसो मुलुक प्रभावित हुन गए । महामन्दीतर्फ विश्व अर्थतन्त्र गएपछि विश्व पुँजी बजार धराशयी नै बनेको थियो । सेयर बजार दिनदिनै तल झरेका थिए । लगानी गर्ने बैङ्क तथा वित्तीय संस्था धरापमा गए । विकसित मुलुकमा बेरोजगारी दर ३० प्रतिशतसम्म पुगेको थियो । आर्थिक मन्दीको असर अर्थतन्त्रमा मात्र सीमित हुँदैन । त्यसको व्यापक असर राजनीतिमा पर्छ । सरकारविरुद्ध जनआक्रोश बढ्न गई राजनीतिक अस्थिरताले आयतन बढाउँदै जान्छ र गएको थियो । विश्व अर्थतन्त्रको गतिलाई स्वाभाविक दिशा र दशामा ल्याउन अहिले जारी युद्धको अन्त्य अपरिहार्य छ । अमेरिका र इजरायलको इरानसँगको दुई साताको युद्ध विराम अब स्थायी शान्तिमा रूपान्तरण हुनु जरुरी छ । इतिहासको अध्ययन गर्दा मन्दी बढ्दै गए महामन्दी हुने छ । मन्दीको अवस्थाबाट अर्थतन्त्रलाई बाहिर ल्याउन प्रयास आवश्यक हुन्छ । मन्दीलाई महामन्दीतिर जान दिनु हुँदैन । मन्दी वा महामन्दी दुवै अवस्था आर्थिक जीवनमाअसाध्य प्रतिकूल हुन जान्छन् । अर्थतन्त्र शिथिल हुँदै जाँदा आर्थिक गतिविधिमा अस्वाभाविक कमी आउँछ । यो क्रमशः बढ्दै गई लगानी, आय, उत्पादन र लगानीमा चक्रीय प्रतिकूल प्रभाव पर्न सक्ने छ । अर्थतन्त्रको जीवनमा आउने कतिपय व्यापार चक्र स्वाभाविक हुन्छन् । स्वाभाविक परिवर्तन मात्र अहिलेको आर्थिक शिथिलता तुलनायोग्य छैन । युद्ध र इन्धन मूल्य अनि युद्धको बढ्दो लागतको भरणका निम्ति अवलम्बन गरिने ठुला अर्थतन्त्रको रणनीतिले विश्वलाई पार्ने दुष्प्रभावसमेत मन्दीको अन्तर्यमा प्रतिविम्बित भएको हुने छ । युद्ध निरन्तर अगाडि गयो भने त्यसले सन् २०२७ मा अझ आर्थिक वृद्धि घट्न सक्ने छ । विश्व अर्थतन्त्रलाई थप क्षति गर्ने छ । विश्वभर नै लगानी, आय, उत्पादन र रोजगारीमा असर पर्न सक्ने छ । मन्दी वा महामन्दीको अवस्थाबाट जोगिन विश्वले त प्रयास गर्नै पर्छ । देशीय रूपमा पनि हरेक मुलुकले विश्व अन्तरनिर्भरताको अवस्थालाई न्यूनीकरण गर्ने तयारी गर्नु पर्छ । नेपालको सन्दर्भमा आन्तरिक उत्पादनलाई बढोत्तरी दिन सक्दा मन्दीको बाह्य दुष्प्रभावमा कमी ल्याउन सकिन्छ । यसमा सानो उदाहरण लिएर हेर्न सकिन्छ । खाना पकाउने ग्यासको आपूर्तिमा समस्या भएपछि आधा सिलिन्डर ग्यास वितरण गरी व्यवस्थापन गरियो । बुलेटमा ग्यास आयात भइरहे पनि उपभोक्ताले सञ्चय गर्ने प्रवृत्तिले ग्यास अभाव भएको आकलन पनि गरिएको थियो । अहिले सिलिन्डर खाली नभएर बुलेटमा आएका ग्यास बुलेटमै बस्नुपर्ने अवस्था छ । यो बिचमा उपभोक्ता विद्युतीय चुलोतिर आकर्षित भएका कारण पनि ग्यास उपभोगमा कमी आएको देखिँदै छ । विद्युतीय ऊर्जा ग्यासभन्दा सस्तो पनि छ । विद्युत्को ठुलो मात्रा अहिले आन्तरिक उत्पादन नै हो । स्वच्छ ऊर्जासमेत हो । ग्यासलाई विद्युतीय ऊर्जाले विस्थापन गर्न सक्दा स्वनिर्भर अर्थतन्त्रको आधारसमेत बन्न सक्ने छ ।


पश्चिम एसियाली मुलुकको युद्धका कारण इन्धनको मूल्य निरन्तर बढिरहेको छ । अब सवारीसाधनलाई पनि विद्युतीय सवारीतिर रूपान्तरण गरिनु पर्छ । यसमा सरकारले पनि योजना ल्याइसकेको छ । आगामी एक वर्षमा थप एक डेढ हजार मेगावाट जलविद्युत् उत्पादन हुन सक्ने अवस्था छ । हिउँदमा पनि विद्युत् आयात गर्नु नपर्ने अवस्था आउन सक्छ । ऊर्जामा स्वनिर्भर हुँदा अर्थतन्त्रका बाहिरी अवयवबाट कम प्रभावित हुने छ । स्वनिर्भर अर्थतन्त्रका निम्ति कृषि पहिलो क्षेत्र हो । कृषिलाई बेवास्ता गर्दा नै देश खाद्यान्नमा समेत बाहिरी बजारमा निर्भर हुनु परेको छ । ऊर्जा र कृषिमा स्वनिर्भर हुन सकियो भने विश्व अर्थतन्त्रमा जतिसुकै ठुलो मन्दी वा महामन्दी आए पनि त्यो दुष्प्रभाव कम गर्न सकिन्छ । विप्रेषणमा आधारित मुलुक नेपालका निम्ति पश्चिम एसियाको युद्ध महँगो बन्दै गएको छ । खाडीमा १७ लाखभन्दा बढी नेपाली काम गरिरहेका छन् । युद्ध प्रभाव अन्यत्र पनि फैलिँदो छ । मन्दी वा महामन्दीबाट सबैभन्दा पहिले वैदेशिक रोजगारीमा रहेका

बाँकी तेस्रो पृष्ठमा

# अन्तर्राष्ट्रिय, मनोरञ्जन तथा खेलकुद समाचार

## भारत-कोरिया रणनीतिक वार्ता

***नयाँदिल्ली, वैशाख ७ गते ।***
बदलिँदो विश्व आर्थिक परिस्थिति र आपूर्ति शृङ्खलामा देखिएको अस्थिरताको पृष्ठभूमिमा भारतले सोमबार नयाँदिल्लीमा दक्षिण कोरियाली राष्ट्रपति ली जे-म्युङलाई औपचारिक स्वागत गरेको छ। यस भेटमा जहाज निर्माण, कृत्रिम बौद्धिकता तथा उच्च प्रविधि क्षेत्रमा सहकार्य विस्तार गर्ने विषयलाई प्रमुख एजेन्डाका रूपमा लिइएको छ। राष्ट्रपति ली जे-म्युङले आफ्नो पहिलो भारत भ्रमणका क्रममा सामाजिक सञ्जालमार्फत जारी गरेको विज्ञप्तिमा दुवै देशबिचको सम्बन्ध रणनीतिक रूपमा अझ महत्त्वपूर्ण बन्दै गएको उल्लेख गर्नुभएको छ। उहाँले मध्यपूर्वमा जारी द्वन्द्व र विश्वव्यापी आर्थिक सङ्कटबिच भारत र गणतन्त्र कोरिया एकअर्काका लागि अत्यावश्यक साझेदारका रूपमा उदाउँदै गएको बताउनुभयो। भारतीय विदेश मन्त्रालयका अनुसार प्रधानमन्त्री नरेन्द्र मोदी र राष्ट्रपति लीबिच भएको वार्तामा जहाज निर्माण उद्योग, व्यापार, लगानी, कृत्रिम बौद्धिकता (एआई), सेमिकन्डक्टर तथा अन्य महत्त्वपूर्ण र उदीयमान प्रविधिहरूमा सहकार्य विस्तारबारे विस्तृत छलफल भएको छ। दुवै नेताले आपसी आर्थिक साझेदारीलाई अझ सुदृढ बनाउने विषयमा सहमति जनाउनुभएको छ। वार्ताका क्रममा कोरियाली प्रायद्वीप र क्षेत्रीय शान्तिका लागि रचनात्मक सहकार्य जारी राख्ने विषयमा पनि छलफल भएको कोरियाका राष्ट्रिय सुरक्षा सल्लाहकार वी सुङ-ल्याकले सियोलमा जानकारी दिनुभयो। यसले दुवै देशबिचको सुरक्षा र रणनीतिक संवादलाई थप बलियो बनाउने अपेक्षा गरिएको छ।



राजकीय स्वागत समारोहका क्रममा भारतीय सेनाको औपचारिक परेडबिच प्रधानमन्त्री मोदी र राष्ट्रपति लीले राष्ट्रपति भवन बाहिर एकसाथ उपस्थित भएर सम्मान ग्रहण गर्नुभएको थियो, जसले दुई देशबिचको उच्चस्तरीय कूटनीतिक सम्बन्धलाई झल्काएको छ। ऊर्जा सुरक्षा पनि यस वार्ताको महत्त्वपूर्ण पक्ष बनेको छ। फेब्रुअरी अन्त्यतिर इरानमा भएको अमेरिकी-इजरायली आक्रमणपछि स्ट्रेट अफ होर्मुजमा उत्पन्न अवरोधका कारण दक्षिण कोरियाले आफ्नो ऊर्जा आपूर्तिमा जोखिम सामना गर्नु परेको सन्दर्भमा दुवै पक्षले दीर्घकालीन ऊर्जा सहकार्यबारे समेत छलफल गरेका छन्। भारत र दक्षिण कोरियाले सन् २०१० मा गरिएको आर्थिक साझेदारी सम्झौतालाई थप सुदृढ गर्ने विषयमा पनि सहमति खोजिरहेका छन्। भारतीय विदेश मन्त्रालयको तथ्याङ्क अनुसार उक्त सम्झौतापछि दुई देशबिचको द्विपक्षीय व्यापार १४ अर्ब २० करोड अमेरिकी डलरबाट बढेर सन् २०२४-२५ सम्म २६ अर्ब ८९ करोड अमेरिकी डलर पुगेको छ। यो करिब ९० प्रतिशतको वृद्धि हो। यस भेटलाई दुवै देशले रणनीतिक साझेदारीको नयाँ चरणका रूपमा लिएका छन्, जसले आगामी वर्षमा प्रविधि, व्यापार र सुरक्षा क्षेत्रमा सहकार्यलाई अझ गहिरो बनाउने अपेक्षा गरिएको छ।

## मलेसियामा भीषण आगलागी, हजारौँ विस्थापित

***क्वालालम्पुर, वैशाख ७ गते ।***
मलेसियाको बोर्नियो टापुको तटीय बस्तीमा आइतबार बिहान भएको भीषण आगलागीले ठूलो मानवीय सङ्कट निम्त्याएको छ। समुद्रमाथि काठका खम्बामाथि बनाइएका घना घरमा लागेको आगो तीव्र गतिमा फैलिँदा करिब एक हजार घर पूर्णरूपमा नष्ट भएका छन् भने नौ हजारभन्दा बढी बासिन्दा विस्थापित भएका छन्।



अग्नि तथा उद्धार विभागका अनुसार आगलागी सबाह राज्यअन्तर्गत सन्दकन जिल्लाको एक तटीय 'पानी गाउँ' मा सुरु भएको थियो। काठ र अन्य ज्वलनशील सामग्रीबाट बनेका घर एक आपसमा अत्यन्तै नजिक भएकाले आगो छिट्टै फैलिएको थियो। समुद्रमाथि खम्बामा उभ्याइएका संरचनामा फैलिएको आगो नियन्त्रण गर्न उद्धारकर्मीलाई निकै कठिनाइ परेको जनाइएको छ। अधिकारीका अनुसार तीव्र हावा र घरको घनत्वले आगो फैलिन झन् सहयोग पुगेको थियो। साथै, प्रभावित क्षेत्रमा पुग्ने बाटो साँघुरो हुनु र ज्वारभाटाको असरका कारण पानीको सतह घट्दा उद्धार तथा नियन्त्रण कार्यमा थप समस्या उत्पन्न भएको थियो। घटनामा हालसम्म कुनै मानवीय क्षतिको पुष्टि भएको छैन। तर हजारौँ स्थानीयवासी आफ्नो बासस्थान गुमाएर विस्थापित भएका छन् र उनीहरूलाई अस्थायी शिविरमा सारिएको छ। स्थानीय प्रशासनले राहत तथा पुनः स्थापनाका लागि काम अघि बढाएको जनाएको छ। सबाह क्षेत्रमा पाइने यस्ता 'पानी गाउँ' हरू प्रायः गरिब तथा सीमान्तकृत समुदायको बसोवास क्षेत्र मानिन्छन्। समुद्रमाथि बनाइएका यी अनौपचारिक बस्तीमा पूर्वाधारको अभाव, असुरक्षित आवास संरचना र भीडभाडका कारण आगलागीको जोखिम उच्च रहने गरेको छ। त्यहाँ बसोवास गर्ने धेरै मानिस न्यून आय भएका, आदिवासी समुदायका वा औपचारिक नागरिकता नभएका व्यक्ति हुने गर्छन्। स्थानीय गाउँ प्रमुख सरिफ हासिम सरिफ इटिंका अनुसार प्रारम्भिकरूपमा खाना पकाउने क्रममा लागेको आगो नियन्त्रण बाहिर गएको हुन सक्ने अनुमान गरिएको छ। यद्यपि आगलागीको वास्तविक कारणबारे अनुसन्धान जारी रहेको अधिकारीहरूले बताएका छन्। प्रधानमन्त्री अनवर इब्राहिमले विस्थापित परिवारलाई केन्द्रमा राखेर सङ्घीय र राज्यस्तरीय निकायले राहत तथा उद्धार कार्य समन्वय गरिरहेको जानकारी दिनुभयो।

उहाँले प्रभावितलाई आवश्यक सहयोग उपलब्ध गराउन सरकार प्रतिबद्ध रहेको बताउनुभयो। सबाहका यस्ता तटीय बस्तीमा विगतमा पनि पटक-पटक आगलागीका घटना हुने गरेका छन्। स्थानीय अधिकारीले यस्ता क्षेत्र उच्च जोखिममा रहेको स्वीकार गर्दै आए पनि संरचनागत सुधार र सुरक्षित बसोवास व्यवस्थापन चुनौतीपूर्ण बनेको छ। यस पटकको आगलागीले पुनः एक पटक त्यस्ता बस्तीको असुरक्षा र दीर्घकालीन समाधानको आवश्यकता उजागर गरेको छ।

जनतालाई दुःख मात्र दिने भन्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्।
यस घटनाले विकास र व्यवस्थापनबीच समन्वय नहुँदा सर्वसाधारणले कस्तो मूल्य चुकाउनुपर्छ भन्ने स्पष्ट देखाएको छ।

चेतावनी स्थानीयवासीले दिएका छन्।

सतर्क रहन पनि अनुरोध गरिएको छ।

## मन्दीको...

झन्डै ६० लाख नेपालीले भोग्नुपर्ने छ। त्यो पीडा विप्रेषणका रूपमा धेरै नेपालीको घरपरिवारमा पर्न सक्ने छ। कुल गार्हस्थ उत्पादनको एक चौथाइभन्दा बढी हिस्सा विप्रेषणले लिइरहेको हुँदा अर्थतन्त्र नै प्रभावित हुन सक्ने छ। यसरी हेर्दा नेपालले विश्व आर्थिक मन्दी वा महामन्दीबाट दुष्प्रभावबाट अलग रहने नीति र रणनीति यतिबेला उच्च प्राथमिकतामा राख्नु पर्छ। त्यसका निम्ति देशभित्रकै अर्थतन्त्र आयाम फराकिलो बनाउनु आवश्यक छ। न्यून ब्याजदरमा झन्डै १२ खर्ब रुपियाँ नेपाली बैङ्क तथा वित्तीय संस्थासित लगानीयोग्य पुँजी छ। सरकारले लगानीमैत्री वातावरणको प्रयाससमेत गरिरहेका अवस्थामा आन्तरिक लगानीको नवीन आयाम अगाडि बढाउनुपर्ने छ।

## प्रधानमन्त्री...

शैक्षिक र अनुसन्धानमुखी वातावरणमा रूपान्तरण गर्नुपर्ने आवश्यकता छ। विद्यार्थी संगठनहरूका कारण शैक्षिक वातावरण प्रभावित हुने, प्रशासनिक निर्णयमा दबाब सिर्जना हुने तथा अध्ययन-अध्यापनमा असर पर्ने गुनासो बढ्दै गएकाले वैकल्पिक प्रतिनिधित्व प्रणालीबारे सरकार गम्भीर देखिएको छ।
उपकुलपतिहरूले आ-आफ्ना विश्वविद्यालयमा देखिएका संरचनागत समस्या, बजेट अभाव, कर्मचारी व्यवस्थापन, विद्यार्थी अनुशासन तथा शैक्षिक प्रतिस्पर्धात्मकता बढाउने उपायबारे आफ्ना धारणा राखेका थिए। उनीहरूले विश्वविद्यालयलाई स्वायत्त, प्रविधिमैत्री र अनुसन्धानमुखी बनाउनेतर्फ सरकारको स्पष्ट नीति आवश्यक रहेकोमा जोड दिएका थिए।
नेपालको विद्यमान कानुनी व्यवस्थाअनुसार प्रधानमन्त्री नै अधिकांश विश्वविद्यालयका कुलपति रहने प्रावधान छ। यस कारण विश्वविद्यालय सुधारका नीतिगत निर्णयमा सरकारको प्रत्यक्ष भूमिका रहने भए पनि विश्वविद्यालयको स्वायत्तता, राजनीतिक प्रभाव र प्रशासनिक सुधारबीच सन्तुलन कायम गर्नु चुनौतीपूर्ण मानिएको छ।

## सडक विस्तारको ...

उपभोगमा समस्या उत्पन्न भएको स्थानीयको भनाइ छ।
स्थानीय दीपक सर्राफले आक्रोश व्यक्त गर्दै भने, "पूर्वतयारी बिना डोजर चलाउँदा अहिले पानी र बिजुली दुवै छैन। यस्तो गर्मीमा बाँच्नै गाह्रो भयो।"
यद्यपि सडक विस्तार दीर्घकालीन रूपमा विकासका लागि आवश्यक मानिए पनि यसको कार्यान्वयन शैलीप्रति प्रश्न उठ्न थालेका छन्। स्थानीयले वैकल्पिक सेवा सुनिश्चित नगरी गरिने विकास कार्यले

## सिम्रौनगढमा छाडा...

कारण किसान मात्र होइन, बालबालिका र पैदल यात्रु पनि असुरक्षित महसुस गर्न थालेका छन्। "अब घरबाहिर निस्कन पनि डर लाग्ने अवस्था आएको छ," पीडित अंसारीले बताए।
छाडा कुकुर नियन्त्रणका लागि जिम्मेवार निकाय मानिने स्थानीय तहले प्रभावकारी कदम नचालेको आरोप पनि स्थानीयले लगाएका छन्। उनीहरूले वन्ध्याकरण, नियन्त्रण अभियान र सुरक्षात्मक उपाय तत्काल लागू गर्न माग गरेका छन्।
लगातार बढ्दै गएको छाडा कुकुरको समस्या समाधान नभए भविष्यमा जनधनको क्षति अझ बढ्ने

## आगामी...

क्षेत्रहरूमा मेघगर्जन र चट्याङसहित हल्का वर्षा वा हिमपात हुन सक्ने अनुमान गरिएको छ। तर तराई क्षेत्रमा मौसम सामान्यतया सफा रहने र गर्मी अझ बढ्ने देखिएको छ। यस अवधिमा उच्च तापक्रमका कारण लू लाग्ने जोखिम पनि बढ्न सक्ने मौसमविद्हरूले चेतावनी दिएका छन्।
महाशाखाले गर्मीबाट बच्न नागरिकलाई विशेष सावधानी अपनाउन आग्रह गरेको छ। पर्याप्त पानी पिउने, हल्का र उज्यालो रंगका कपडा लगाउने, घाममा निस्कँदा टोपी वा छाता प्रयोग गर्ने, बालबालिका, वृद्ध, सुत्केरी तथा बिरामीहरूको विशेष हेरचाह गर्ने र लामो समय घाममा काम गर्नुपरेमा बीच-बीचमा आराम गर्ने सुझाव दिइएको छ। मौसमको यो अवस्थाले दैनिक जनजीवनमा प्रत्यक्ष असर पार्न सक्ने भएकाले

## सरकारी...

व्यवस्था कार्यान्वयनमा ठूलो कठिनाइ नहुने बताएका छन्। उनका अनुसार परिपत्र प्राप्त भइसकेको र सोमबारदेखि आवश्यक प्राविधिक तथा प्रशासनिक पक्षमा छलफल गरी लागू गर्ने प्रक्रिया अघि बढाइनेछ। अर्थ मन्त्रालयले यो अभ्यासले सरकारी वित्त व्यवस्थापनलाई अझ व्यवस्थित बनाउने र कर्मचारीलाई नियमित आर्थिक सहजता प्रदान गर्ने विश्वास व्यक्त गरेको छ।
विश्लेषकहरूका अनुसार यस्तो परिवर्तनले सरकारी खर्च व्यवस्थापनमा पारदर्शिता र अनुशासन बढाउन सहयोग गर्न सक्छ। यद्यपि, प्रणाली परिवर्तनका प्रारम्भिक चरणमा प्रशासनिक समायोजन आवश्यक पर्ने उनीहरूको भनाइ छ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

कलैया उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

महागढीमाई नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

निजगढ नगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

जीतपुरसिमरा उपमहानगरपालिका
द्वारा जनहितमा जारी सन्देश ।

# सर्वसाधारणलाई सिमामा दुःख नदिन डिआईजी थपलियाको निर्देशन

***७ बैशाख, वीरगञ्ज –***
मधेस प्रदेशका प्रहरी प्रमुख गोविन्द थपलिया ले सीमा नाकाहरूमा सर्वसाधारणलाई अनावश्यक दुःख नदिन मातहतका निकायलाई कडा निर्देशन दिएका छन्।



डीआईजी थपलियाले घरायसी प्रयोजनका लागि ल्याइने सामान्य सामानमा प्रहरी वा अन्य सम्बन्धित पक्षबाट अनावश्यक हैरानी दिने काम तुरुन्त बन्द गर्न स्पष्ट रूपमा निर्देशन दिएका हुन्। उनले सीमाक्षेत्रमा शान्ति-सुरक्षा कायम राख्नुका साथै नागरिकमैत्री व्यवहारलाई प्राथमिकतामा राख्नुपर्नेमा जोड दिएका छन्।

उनका अनुसार नियम कार्यान्वयन आवश्यक भए पनि त्यसका नाममा सर्वसाधारणको दैनिक जीवनमा अनावश्यक असर पर्न नदिन संवेदनशील ढंगले काम गर्नुपर्नेछ। सीमा क्षेत्रमा खटिएका सुरक्षाकर्मीले व्यवहारिक र जिम्मेवार ढंगले काम गर्नुपर्ने उनको भनाइ छ।

पछिल्ला दिनमा सीमा नाकाहरूमा भन्सार कडाइका कारण सर्वसाधारणले दुःख पाएको गुनासो बढ्दै गएको सन्दर्भमा डीआईजी थपलियाको यो निर्देशनलाई अर्थपूर्ण रूपमा हेरिएको छ।

# अदालतको हस्तक्षेपपछि वीरगञ्जमा सडक विस्तार रोकियो

***वीरगञ्ज, ७ वैशाख –***
वीरगञ्ज महानगरपालिका ले अघि बढाएको बाइपास सडक विस्तार योजना अदालतको आदेशपछि तत्कालका लागि स्थगित भएको छ। उच्च अदालत जनकपुर को अस्थायी इजलास वीरगञ्जले निषेधाज्ञा जारी गरेपछि संरचना हटाउने काम रोकिएको हो।



महानगरले नेपाल आयल निगम क्षेत्रीय कार्यालयदेखि मुर्ली चोकसम्मको सडकलाई मध्य भागबाट दायाँ-बायाँ ५-५ मिटर विस्तार गरी कुल १० मिटर चौडा बनाउने योजना अघि सारेको थियो। सोहीअनुसार केही भागमा कामसमेत अघि बढाइएको र बाँकी क्षेत्रमा २४ घण्टाभित्र संरचना हटाउन सूचना जारी गरिएको थियो।

तर प्रभावित स्थानीयवासीहरू अदालत पुगेपछि कानुनी जटिलता उत्पन्न भएको हो। अदालतले जग्गा प्राप्ति ऐन २०३४ अनुसार आवश्यक प्रक्रिया पूरा नगरी निजी जग्गा समेटिने गरी सडक विस्तार नगर्न आदेश दिएको छ। यससँगै जारी निषेधाज्ञाले महानगरको योजना तत्कालका लागि रोकेको छ।

महानगरले यसअघि नै सूचना जारी गरी संरचना हटाउन आग्रह गरेको भए पनि स्थानीयवासीले मुआब्जा, वैकल्पिक व्यवस्था र कानुनी प्रक्रियाको माग गर्दै विरोध जनाउँदै आएका थिए। उनीहरूले सडक विस्तार आवश्यक भए पनि उचित क्षतिपूर्ति र कानुनी प्रक्रिया पूरा नगरी घरजग्गा खाली गर्न नसकिने अडान दोहोर्‍याएका छन्। अदालतको आदेशसँगै अहिले उक्त क्षेत्रमा डोजर अभियान रोकिएको छ भने आगामी कदमबारे महानगर प्रशासन र सरोकारवाला पक्षबीच थप छलफल हुने संकेत देखिएको छ।

# सरकारी तलब भुक्तानीमा नयाँ अभ्यास : अब १५-१५ दिनमा तलब दिने तयारी

***काठमाडौं। ७ वैशाख।***
सरकारले कर्मचारीहरूको तलब भुक्तानी प्रणालीमा नयाँ अभ्यास सुरु गर्ने तयारी गरेको छ। अर्थ मन्त्रालयको निर्णयअनुसार अब मासिक रूपमा हुने तलब भुक्तानीलाई परिवर्तन गरी १५ दिनमा एक पटक (पाक्षिक) तलब दिने व्यवस्था लागू गर्ने तयारी गरिएको हो।




अर्थ मन्त्रालयका अधिकारीहरूका अनुसार यससम्बन्धी परिपत्र महालेखा नियन्त्रक कार्यालयमा पठाइसकिएको छ। नयाँ व्यवस्था यसै आगामी पाक्षिकदेखि प्रारम्भ गर्ने तयारी रहेको बताइएको छ।

यसअघि सरकारी कर्मचारीहरूले प्रत्येक महिना अन्त्यमा तलब प्राप्त गर्दै आएका थिए। तर नयाँ प्रणाली लागू भएपछि तलब दुई चरणमा वितरण हुनेछ, जसले कर्मचारीहरूको नगद प्रवाह ( अबकुज ।यिध) सहज हुने अपेक्षा गरिएको छ।

महालेखा नियन्त्रक कार्यालयका नियन्त्रक शोभाकान्त पौडेलले यो

बाँकी तेस्रो पृष्ठमा

# तमिलनाडु मा पटाका कारखाना विस्फोट, २४ जनाको मृत्यु

काठमाडौं, ७ वैशाख –
भारतको दक्षिणी राज्य तमिलनाडु अन्तर्गत पर्ने भिरुदुनगर मा रहेको एक पटाका (आतिशबाजी) कारखानामा भएको भीषण विस्फोटपछि आगलागी हुँदा कम्तीमा २४ जनाको मृत्यु भएको छ भने ६ जना घाइते भएका छन्।



स्थानीय प्रहरीका अनुसार विस्फोटको कारण अहिलेसम्म खुल्न सकेको छैन। घटनापछि तत्काल उद्धार तथा राहत कार्य सञ्चालन गरिएको र घाइतेहरूलाई नजिकैका अस्पतालहरूमा उपचारका लागि पठाइएको जनाइएको छ।

घटनाप्रति भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी ले सामाजिक सञ्जालमार्फत गहिरो दुःख व्यक्त गर्दै मृतकका परिवारप्रति समवेदना जनाएका छन्। यस्तै, एम. के. स्टालिन ले पनि उक्त घटना अत्यन्त दुःखद् भएको उल्लेख गर्दै घाइतेहरूको उपचार र घटनाको छानबिन सुरु गरिएको जानकारी दिएका छन्।

प्रारम्भिक विवरणअनुसार कारखानामा आगलागी भएपछि विस्फोट भएको आशंका गरिएको छ। यस्ता उद्योगहरूमा सुरक्षा मापदण्डको पालनामा लापरवाही हुने गरेको आरोप विगतदेखि नै उठ्दै आएको छ।

घटनाको विस्तृत अनुसन्धान जारी रहेको छ भने सुरक्षा निकायहरूले दुर्घटनाको वास्तविक कारण पत्ता लगाउन प्रयास गरिरहेका छन्।

# पश्चिम बंगाल विधानसभा चुनाव लक्षित गर्दै नेपाल-भारत सीमा ७२ घण्टा सिल

विराटनगर, ७ वैशाख –
भारतको पश्चिम बंगाल मा हुन गइरहेको विधानसभा निर्वाचनलाई ध्यानमा राख्दै नेपाल-भारत सीमा सोमबार मध्यरातिदेखि ७२ घण्टाका लागि सिल गरिने भएको छ। सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै दुवै देशका सुरक्षा निकायबीचको समन्वयमा यस्तो निर्णय गरिएको हो। जिल्ला प्रशासन कार्यालय झापा का अनुसार भारतको दार्जीलिङ सँग जोडिएका प्रमुख नाकाहरू–काँकडभिट्टा, भद्रपुर र इलामको पशुपतिनगर–निर्वाचन अवधिभर पूर्ण रूपमा बन्द रहनेछन्। सीमा सिल हुँदा अत्यावश्यकबाहेक अन्य सबै आवतजावतमा रोक लगाइनेछ। प्रमुख जिल्ला अधिकारी शिवराम गेलालका अनुसार छिमेकी देशमा हुने निर्वाचनका बेला सीमा बन्द गर्ने परम्परालाई निरन्तरता दिँदै यसपटक पनि सोही अभ्यास लागू गरिएको हो। यद्यपि आपतकालीन सेवा, स्वास्थ्य उपचार वा अत्यावश्यक सरकारी कामका लागि भने विशेष समन्वयमार्फत आवागमनको व्यवस्था मिलाइने जनाइएको छ। ***पहिलो चरणमै १६ जिल्लामा मतदान*** निर्वाचनको पहिलो चरणअन्तर्गत वैशाख १० ( अप्रिल २३) मा १६ जिल्लाका १ सय ५२ सिटमा मतदान हुने तय भएको छ। करिब ३ करोड ६० लाख मतदाता सहभागी हुने अनुमान गरिएको छ। उत्तर बंगालका कुचबिहार, अलीपुरदुआर, जलपाइगुडी, दार्जीलिङ र दिनाजपुरलगायत जिल्लामा पहिलो चरणमै मतदान हुनेछ। त्यसैगरी जंगलमहल क्षेत्रका पुरुलिया, बांकुडा, झाडग्राम, पश्चिम मेदिनीपुर, मालदा र मुर्सिदाबादमा पनि सोही दिन मतदान हुने जनाइएको छ।

निर्वाचनलाई शान्तिपूर्ण र निष्पक्ष बनाउन राज्य निर्वाचन आयोग पश्चिम बंगाल ले सबै मतदान केन्द्रमा केन्द्रीय सुरक्षा बल परिचालन गरिसकेको जनाएको छ। सीमावर्ती क्षेत्रमा निगरानी बढाइएको छ भने सुरक्षा व्यवस्थालाई उच्च सतर्कतामा राखिएको छ। सीमा सिल गर्ने निर्णयले सीमावर्ती जिल्लाहरूमा दैनिक आवागमन, व्यापार र श्रम गतिविधिमा अस्थायी प्रभाव पार्ने भए पनि सुरक्षा दृष्टिकोणले यसलाई आवश्यक कदमका रूपमा हेरिएको छ।

# आगामी तीन दिन देशभर गर्मी बढ्ने, तराईमा अत्यधिक तापक्रमको सम्भावना

***७ बैशाख , काठमाडौं।***
जल तथा मौसम पूर्वानुमान महाशाखा ले आगामी तीन दिन देशका विभिन्न भागमा तापक्रम उल्लेखनीय रूपमा बढ्ने चेतावनी दिएको छ। महाशाखाका अनुसार आज, भोलि र पर्सि विशेषगरी तराई, उपत्यका तथा खोँच क्षेत्रहरूमा अत्यधिक गर्मी महसुस हुने सम्भावना छ। पछिल्ला केही दिनदेखि तापक्रम क्रमिक रूपमा बढ्दै गएको र यो अवस्था केही दिन अझ जारी रहने अनुमान गरिएको छ। मधेश प्रदेश सहित बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराई भू-




भागमा तातो दिन रहने सम्भावना उच्च रहेको महाशाखाले जनाएको छ।

यद्यपि केही स्थानमा हल्का वर्षा र हिमपातको सम्भावना पनि रहेको छ। कोशी प्रदेश, बागमती र लुम्बिनी प्रदेशका पहाडी तथा हिमाली

बाँकी तेस्रो पृष्ठमा


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

परवानीपुर गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

करैयामाई गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

प्रसौनी गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।


तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

सुवर्ण गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।

तातो हावा वा लू बाट बच्ने उपायहरु



- हलुका र फिक्का रंग भएको सुतीको कपडा लगाउने ।
- प्रशस्त पानी/झोलिलो खानेकुरा खाने ।
- छहारी अथवा छत भएको ठाउँमा बस्ने ।
- खेतबारीमा कामकाज सकभर बिहान वा बेलुका गर्ने ।
- चिसो पानीले नुहाउने । यसले शरीरलाई धेरै तो हुनबाट जोगाउँछ ।

फेटा गाउँपालिका
द्वारा जनहितमा जारी सन्देश ।